# "कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदन

कर्णाली प्रदेशसभा

## प्रदेश मामिला समिति

वीरेन्द्रनगर, सुर्खेत, नेपाल।

**कर्णाली प्रदेशसभा**

कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत।

२०८० असोज २२

Scanned with CamScanner

# कर्णाली प्रदेशसभा
## प्रदेश मामिला समिति

**कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा समितिको प्रतिवेदन**

१. कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा रहेका "र व्यावसायिक" भन्ने शब्दहरुको सट्टा "व्यावसायिक र निष्पक्ष" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको दफा १ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।"

३. विधेयकको दफा २ को खण्ड (क) मा रहेको "नियुक्ति" भन्ने शब्द पछि "तथा पदस्थापना" भन्ने शब्दहरु थप्ने।

४. विधेयकको दफा ४ को,-

(१) खण्ड (क) अगाडि देहायको खण्ड (क) राखी त्यसपछिको खण्डाक्रम मिलाउनेः-

"(क) प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवा,"

(२) उपदफा (४) झिकी त्यसपछिको उपदफाक्रम मिलाउने।

५. विधेयकको दफा ७ को सट्टा देहायको दफा ७ राख्नेः-

"७. <u>संगठन तथा दरबन्दी सिर्जना</u>: (१) कुनै निकायको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित मन्त्रालयले तोकिए बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सर्वेक्षण गरिने निकायको कार्य प्रकृति, प्रदेश सरकारलाई पर्ने वित्तीय भार र कार्यबोझ विश्लेषण गरी दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफर गर्नु पर्ने देखिएमा सोको कारण र औचित्य समेत खुलाई प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको प्रतिवेदन सम्बन्धित मन्त्रालयले कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिको लागि पठाउनु पर्नेछ र सो मन्त्रालयको सहमति प्राप्त भएपछि प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त सहमति र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त संगठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृतिको लागि पन्ध्र दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सरकारले स्वीकृत गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम संगठन संरचना वा दरबन्दी स्वीकृत भएपछि सम्बन्धित मन्त्रालयले



Scanned with CamScanner

प्रदेश कर्मचारी अभिलेखालयमा पद दर्ता गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (६) बमोजिम प्रदेश कर्मचारी अभिलेखालयमा पद दर्ता भएपछि त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ।

(८) अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, आयोजना, सचिवालय र कार्यालयमा स्थायी दरबन्दी सिर्जना गरिने छैन र त्यस्ता आयोग, समिति, निकाय, आयोजना, सचिवालय र कार्यालयमा निश्चित अवधिका लागि अस्थायी दरबन्दी रहन सक्नेछ।

(९) उपदफा (८) मा उल्लिखित आयोग, समिति, निकाय, आयोजना, सचिवालय र कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रुपमा आवश्यक पर्ने जनशक्तिको किसिम तथा संख्या यकिन गरी अस्थायी दरबन्दी सिफारिस गर्न तोकिए बमोजिमको समिति रहनेछ।

(१०) यस दफा बमोजिम दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्दा समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा आएका कर्मचारीको पदाधिकार रहेको कुनै पद कटौती गर्न पाइने छैन।"

६. विधेयकको दफा ८ को,-

(१) उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने:-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (घ) | अधिकृत सातौं | ५०% | ५% | १५% | १०% | २०% | |

(२) उपदफा (६) मा रहेका "निजामती कर्मचारी" भन्ने शब्दहरुको सट्टा "स्थायी कर्मचारी" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (९) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:-

"तर,

(क) प्रशासन सेवाको एघारौं तहको सचिवको पदमा बढुवा गर्ने प्रयोजनको लागि प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका एक तह मुनिका आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम योग्यता पूरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

(ख) प्रदेश सरकारले विशेषज्ञ पद भनी तोकेको एघारौं तहको पदमा सम्बन्धित सेवाभित्रको समूह र उपसमूहको कर्मचारी मात्र बढुवा हुनेछ।"

७. विधेयकको दफा ९ को उपदफा (१) को,-

(१) खण्ड (घ) मा रहेका "दश प्रतिशत" भन्ने शब्दहरुको सट्टा "बाह्र प्रतिशत" भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (च) झिकी त्यसपछिको खण्डाक्रम मिलाउने।

(३) स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राख्ने:-

"<u>स्पष्टीकरण:</u>

(१) यस उपदफाको खण्ड (क), (ख), (ग), (च) र (छ) को प्रयोजनको लागि "खस आर्य, दलित,



Scanned with CamScanner

आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" भन्नाले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका "खस आर्य, दलित, आदिवासी जनजाती, मधेशी तथा मुस्लिम र थारु" सम्झनु पर्छ।

(२) यस उपदफाको खण्ड (घ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले तोकिए बमोजिमको स्थानीय तह सम्झनु पर्छ।"

८. विधेयकको दफा २० को उपदफा (५) को शुरुमा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु थप्ने र सोही उपदफाको खण्ड (घ) झिक्ने।

९. विधेयकको दफा २३ को,-

(१) उपदफा (१) मा रहेका "बिदा बसेमा" भन्ने शब्दहरुको सट्टा "बिदा बसेमा वा" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (२)" भन्ने शब्दहरु राख्ने।

१०. विधेयकको दफा २४ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः-

"(ख) एक मन्त्रालय वा अन्तर्गत कार्यालयको कर्मचारीलाई सोही मन्त्रालय वा अन्तर्गत कार्यालय वा अर्को मन्त्रालय वा अन्तर्गत कार्यालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ।"

(ख) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नेः-

"(ग) प्रदेशभित्रको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।"

(ग) खण्ड (ङ) को ठाउँ ठाउँमा रहेको "कर्णाली" भन्ने शब्द झिक्ने।

(२) उपदफा (२) मा रहेका "कम्तीमा एक वर्ष" भन्ने शब्दहरुको सट्टा "कम्तीमा दुई वर्ष" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (३) को ठाउँ ठाउँमा रहेका "एक वर्ष" भन्ने शब्दहरुको सट्टा "दुई वर्ष" भन्ने शब्दहरु राख्ने।

११. विधेयकको दफा २६ को उपदफा (६) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्नेः-

"तर मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीको निजी सचिवालयमा काजमा खटिने कर्मचारीको हकमा त्यस्तो समय सीमा लागू हुने छैन।"

१२. विधेयकको दफा २८ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेका "वा निजले तोकेको सो आयोगको सदस्य" भन्ने शब्दहरु



Scanned with CamScanner

झिक्ने।

(२) उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (२)" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः-

"(४) प्रदेश निजामती सेवाको सहायकस्तरको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार - अध्यक्ष

(ख) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य

(घ) सचिव, बढुवा हुने कर्मचारीको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित मन्त्रालय - सदस्य

(ङ) सचिव (प्रशासन महाशाखा हेर्ने) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य-सचिव"

१३. विधेयकको दफा २९ को उपदफा (३) मा रहेको "प्रयोजनको" भन्ने शब्द पछि रहेको "लागि" भन्ने शब्द झिक्ने।

१४. विधेयकको दफा ३० को उपदफा (६) मा रहेको "बढुवाको" भन्ने शब्दको अगाडि "स्तरवृद्धि र" भन्ने शब्दहरु थप्ने।

१५. विधेयकको दफा ४१ को उपदफा (१) मा रहेका "एक महिना बाँकी भएमा" भन्ने शब्दहरुको सट्टा "एक महिना अगाडि" भन्ने शब्दहरु राख्ने।

१६. विधेयकको दफा ४६ को उपदफा (१) मा रहेका "कार्य प्रोत्साहन कोष" भन्ने शब्दहरुको सट्टा "कार्य सम्पादन प्रोत्साहन कोष" भन्ने शब्दहरु राख्ने।

१७. विधेयकको दफा ७६ मा रहेको "सकेसम्म" भन्ने शब्दको सट्टा "विशेष परिस्थिति परेको अवस्थामा बाहेक" भन्ने शब्दहरु राख्ने।

१८. विधेयकको दफा १३२ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः-

"(ख) निजामती कर्मचारी, प्रदेश अन्य सेवाका कर्मचारी र स्थानीय सेवाका कर्मचारीको निवृत्तिभरण र उपदानको सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने, "

१९. विधेयकको दफा १३८ मा रहेको "सामान्य" भन्ने शब्दको सट्टा "समान" भन्ने शब्द राख्ने।



Scanned with CamScanner

## प्रदेश मामिला समितिमा रहनु भएका माननीय सदस्यज्यूहरूको नामावली

| क्र.सं. | माननीय सदस्यहरूको नाम, थर | पद |
|---|---|---|
| १. | मा० कल्याणी खड्का | सभापति |
| २. | मा० टेकराज पछाई | सदस्य |
| ३. | मा० रणसिंह परियार | सदस्य |
| ४. | मा० जानकी सिंह | सदस्य |
| ५. | मा० पुर्णबहादुर खत्री | सदस्य |
| ६. | मा० महेन्द्र के.सी. | सदस्य |
| ७. | मा० दक्षिणा शाही | सदस्य |
| ८. | मा० सुरेश अधिकारी | सदस्य |

कर्णाली प्रदेशसभा प्रदेश मामिला समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

मा. कल्याणी खड्का
सभापति
प्रदेश मामिला समिति

मा० कल्याणी खड्का
सभापति
प्रदेश मामिला समिति,
कर्णाली प्रदेशसभा
मितिः२०८०/०६/२२ गते



Scanned with CamScanner